# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/१५ गते

## प्रेस विज्ञप्ति

### विषय: सुशासन प्रवर्द्धन सम्वन्धी गोष्ठी सम्पन्न ।

---------------------------------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा कैलालीको धनगढीमा यही जेठ १३ र १४ गते "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका" विषयक गोष्ठीको आयोजना गरियो ।

प्रदेश नं सात अन्तर्गतका नौ वटै जिल्लाका जिल्ला समन्वय समिति, नगरपालिका, एवं गाउँपालिका प्रमुख, उप-प्रमुख, जिल्ला समन्वय अधिकारी तथा प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा आयोजित गोष्ठीको अध्यक्षता आयोगका आयुक्त राजनारायण पाठकले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथि आयुक्त डा.गणेशराज जोशी रहनु भएको थियो ।

उक्त गोष्ठीलाई आयुक्तद्वय डा. गणेशराज जोशी र राजनारायण पाठकले सम्वोधन गर्नुका साथै सहभागीहरुले राखेका जिज्ञासाका सम्वन्धमा समेत सम्वोधन गर्नुभएको थियो । कार्यक्रमका सहभागीहरुबाट गोष्ठी उपलव्धीमूलक रहेको उल्लेख गर्दै यस किसिमको कार्यक्रम नगरपालिका, गाउँपालिका तथा वडा तहसम्म पुर्‍याउन आवश्यक रहेको बताइएको थियो ।

गोष्ठीमा आयोगका तर्फवाट सहसचिव एवं प्रवक्ता रामेश्वर दंगाल, सहन्यायाधिवक्ता ध्रुवकुमार चौहान तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सुमन घिमिरेले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

दुई चरणमा सम्पन्न उक्त गोष्ठीको पहिलो दिन अर्थात् जेठ १३ गते अछाम, बाजुरा, डोटी, डडेलधुरा र कैलालीका १३० जना र १४ गते बैतडी, दार्चुला, बझाङ तथा कञ्चनपुरका १०८ जनाको सहभागिता रहेको थियो । प्रदेश नं १ बाट सुरु भएको यस किसिमको गोष्ठी प्रदेश नं ७ को धनगढीबाट सम्पन्न भएको हो ।

(कालीप्रसाद पराजुली)
सह-सचिव